## बकैया गाउँ कार्पालिकाको मिति २०७९।०९।०५ गतेको बैठकका निर्णयहरु

१. **स्टक प्रमाणित गर्दा फरक परेको ढुङ्गा गिटी तथा बालुवाको मौज्दात जफत गरी विक्रि गर्ने सम्बन्धमा**

प्रस्तुत विषयमा छलफलगर्दा जिल्ला समन्वय समिति मकवानपुरको मिति २०७९।०६।०९ गतेको निर्णयबाट यस गाउपालिका अन्तर्गत संचालित बकैया ठकुर बालुवा उद्योग, शिवभक्त पार्वती बालुवा उद्योग तथा न्यू दिपशिखा निर्माण सेवाको क्रमश १५,६६२।- ११,७२९।- तथा ४५,००५।- घन मिटर स्टक मौज्दात फरक देखिएको भनि प्रदेश आर्थिक ऐन, २०७९ को दफा (९) उपदफा (३) को अनुसुचि ७ बमोजिम जरिवाना लागाउने भनि पत्र प्राप्त भए बमोजिम उल्लेखित फर्महरुलाई पटक पटक पत्राचार गरि जरिवाना स्वरुपको राजश्व दाखिला गर्न अनुरोध गर्दा समेत राजश्व दाखिला नगरेकोले उक्त ७२,३९६घनमिटर बराबरको स्टक गाउँपालिकाले जफत गरी सिलबन्दी दरभाउपत्र आह्वान(१५दिने सूचना) गरीं बिक्रि खुला गर्ने निर्णय सर्वसम्मतबाट गरियो ।साथै उक्त कारवाही प्रक्रिया सम्पन्न नभएसम्मको लागि बकैया ठाकुर बालुवा उद्योग, शिवभक्त पार्वती बालुवा उद्योग तथा न्यू दिपशिखा निर्माण सेवालाई आगामि ठेक्का प्रक्रियामा सहभागि हुन नपाउने निर्णय गरियो।

२. पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन सम्वन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिक २०७८ बमोजिम देहायको पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| गाउँपालिका उपाध्यक्ष | उपाध्यक्ष |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| गाउँ कार्यपालिकाको सदस्यमध्ये अध्यक्षले तोकेको १ जना | सदस्य |
| कार्यपालिका सदस्य ( पोषण तथा खाद्य सुरक्षा सम्बन्धी कार्यक्रमहरुको संयोजन गर्न तकिएको सदस्य) | सदस्य |
| शाखा प्रमुख (स्वास्थ्य, कृषि विकास पशुपन्छी विकास, खानेपानी तथा सरसफाई, महिला बालबालिका शिक्षा महिला बालबालिका शिक्षा सुशासन वाणिज्य र आपुर्ति र सञ्चार तथा अभिलेख व्यवस्थापन | सदस्य |
| अध्यक्ष उद्योग वाणिज्य सङ्घ | सदस्य |
| अध्यक्ष स्थानीय गैर सरकारी महासङ्घ | सदस्य |
| सामाजिक शाखा प्रमुख | सदस्य सचिव |

धर्मराज लामिछाने
अध्यक्ष

३. स्वास्थ्य विमा समिति गठन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन/संचालन नमुना कार्यविधि, २०७८ बमोजिम देहाय बमोजिमको स्वास्थ्य विमा संयोजन समिति गठन गर्ने निर्णय गरियो

तपशिल

| | |
|---|---|
| क. अध्यक्ष, बकैया गाँउपालिका | संयोजक |
| ख. अध्यक्षले मनोनित गरेको बढी जनसंख्या भएको कुनै एक वडा अध्यक्ष | सदस्य |
| ग. अध्यक्षले मनोनित गरेको प्रतिनिधि, सेवा प्रदायक संस्था | सदस्य |
| घ. अध्यक्षले मनोनित गरेको स्वास्थ्य क्षेत्रको अनुभव हासिल गरेका एक र महिला स्वयंसेविका सहित दुई जना | सदस्य |
| ङ. शाखा प्रमुख, स्वास्थ्य विषय हेर्ने | सदस्य |
| च. दर्ता अधिकारी स्वास्थ्य बीमा बोर्ड | सदस्य |
| छ. प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत | सदस्य सचिव |

४. ऐलानी जग्गा प्राप्ती सम्बन्धमा

प्रस्तुत विषयमा छलफल गर्दा बकैया आधारभुत अस्पतालले चर्चेको कित्ता न १२८७,१२८८,१२८९ र १२९० को पछाडिपट्टी रहेको विगत लामो समयदेखि उक्त अस्पतालले भोगचलन गर्दै आएको १० कठ्ठा जग्गा प्राप्त गर्नको लागि सम्बन्धित निकायहरुमा पहल गर्ने निर्णय गरियो ।

५. Backhoe loader तथा Road Roller खरिद सम्बन्धमा

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको भोगोलिक विकटता तथा अधिकांश सडकहरुको कच्चिरहेको सन्दर्भमा बर्खामासमा प्राय बाटोहरु बाढीपहिलोले अवरोध गरी जन जिबन कस्ठकर भईरहेको हुनाले निर्वाधरुपमा सबारीसाधन आवतजावत गरी सर्वसाधारणको जिवन सहजता ल्याउन गाँउपालिकको आफ्नै **Backhoe loader** अतिआवश्यक भएकोले यस आर्थिक वर्षमा गाँउपालिकाले विनियोजन गरेको सडक निर्माण शिर्षकको ठेक्का कबोल अंकमा बाकी हुन आएको रकमबाट खर्च गर्ने गरी १ थान **Backhoe loader** खरिद गर्ने साथै पालिकाले निर्माण गर्ने बाटोहरुमा ग्रावेल गर्दा बिना **Road Roller** काम भईरहेको सन्दर्भमा हरेक आ.व. मा सोही ठाँउमा बजेट बिनियोजन गरि रहनुपेरेको छ सो कार्यलाई निरुत्साहन गर्न १ थान **Road**

धर्मराज लामिछाने
अध्यक्ष

भक्त बहादुर खत्री
उपाध्यक्ष

**Roller** समेत यस आर्थिक वर्षमा गाँउपालिकाले विनियोजन गरेको सडक निर्माण शिर्षकको ठेक्का कबोल अंकमा बाकी हुन आएको रकमबाट खर्च गर्ने गरी खरिद गर्ने निर्णय गरियो ।

६. ढुङ्गा गिटी तथा बालुवा ठेक्का सम्बन्धमा

प्रस्तुत विषयमा छलफल गर्दा यस गाँउपालिकामा प्रारम्भिक वातावरणिय परिक्षण (IEE) सम्पन्न भएको स्थान तथा परिमाणमा बोलपत्र आवहान गरी ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

७. जुईना आधारभुत स्वास्थ्य भवनको पुर्णता सम्बन्धमा

प्रस्तुत विषयमा छलफल गर्दा जुईना आधारभुत स्वास्थ्य भवनलाई विनियोजित बजेट बमोजिम कार्य अगाडि बढाई पुर्णता दिने निर्णय गरियो ।

८. विपन्न नागरिकको लागि आर्थिक सहायता सम्बन्धमा

प्रस्तुत विषयमा छलफल गर्दा यस पालिकामा आर्थिक, सामाजिक तथा प्रकृतिकरुपमा विपन्न तथा पछाडिपरेका वर्ग समुदायबाट आर्थिक सहायताको लागि बारम्बार पालिकामा निवेदन प्राप्त भईहरुले र सो मागलाई सम्बोधन गर्न पालिकामा पर्याप्त बजेट समेत विनियोजन नभएको सन्दर्भमा त्यस्ता सहायता प्रदान गर्दा अनिवार्य रुपमा स्वास्थ्य बिमा गराई बाकी रकममात्र एक पटकको लागि भुक्तानी दिने निर्णय गरीयो ।

९. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको पुन:एकिकरण कार्यक्रम प्रस्ताव सम्वन्धमा

प्रस्तुत विषयमा छलफल गर्दा यस बकैया गाउँपालिका स्थित वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुलाई स्थानिय स्तरमा नै स्वरोजगारमा उत्प्रेरित गर्ने उद्देश्यले सबै वडाहरुबाट तथ्यांक संकलन गर्ने तथा यस पालिकाले सो कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरी आवश्यक कार्यक्रमहरुको प्रस्ताव वैदेशिक रोजगार बोर्डमा पेश गर्ने निर्णय गरीयो ।

१०. योजना सम्झौता तथा सम्पन्न सम्बन्धमा

प्रस्तुत विषयमा छलफल गर्दा यस आ. व. को पहिलो र दोस्रो त्रैमासिकको सम्झौता गर्न बाकी योजनाहरु एक पटकलागि आगामी पाँच दिनको लागि खुला गर्ने

धर्मराज लामिछाने
अध्यक्ष

भक्त बहादुर खत्री
उपाध्यक्ष

तथा म्याद नागेका योजनाको हकमा पौष मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

११. **पुरानो घरनक्सा अभिलेखिकरणको सुचना प्रकाशन सम्बन्धमा**

प्रस्तुत विषयमा छलफल गर्दा यस पालिका अन्तर्गत विगतमा नक्सापास नगरी निर्माण सम्पन्न भएको घरहरुको हकमा यस आ. व. को लागि मिति २०७९।०९।०६ गते देखि मिति २०७९।१०।२१ गते सम्मको लागि घरनक्सा अभिलेखिकरणको लागि खुला गर्ने निर्णय गरियो ।

१२. **नमुना संसद अभ्यास कार्यक्रम संचालन सम्बन्धमा**

प्रस्तुत विषयमा छलफल गर्दा युवा वर्गमा राज्य संचालनको ज्ञान प्रदान गर्ने उद्देश्यले पालिकास्तरिय तथा वडास्तरीय युवा समिति गठन गरी नमुना संसद अभ्यास कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

१३. **शिक्षक दरबन्दी मिलान सम्बन्धमा**

प्रस्तुत विषयमा छलफल गर्दा यस पालिकाको शिक्षाको गुणस्तर अभिवृद्धगर्न पालिकास्तरिय शिक्षक दरबन्दी मिलानको कार्य गर्न गाउँ शिक्षा समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

१४. **विद्यालय छात्राहरुको लागि आवश्यक सेनटरी प्याड सम्बन्धमा**

प्रस्तुत विषयमा छलफल गर्दा यस आवमा विद्यालय छात्राहरुको लागि आवश्यक सेनटरी प्याड खरिदको लागि विनियोजित बजेटबाट खरिद गर्ने गरी कार्य आगाडि बढाउने निर्णय गरियो ।

१५. **विद्युत जडानको भुक्तानी सम्बन्धमा**

प्रस्तुत विषयमा छलफल गर्दा विद्युत विस्तारको तपशिल बमोजिमको खर्च एक पटकलाई भुक्तानी गर्ने निर्णय गरियो ।

- माथिल्लो भिरकोट सडक बत्ती जडान रु ६०,०००।
- गडवान र खोपिल्टो गाँउ विद्युत विस्तार रु ३,५००।
- सानो थली Trasformer जडान रु २५,०००।
- देभान गाँउ विद्युत विस्तार रु १,५०,०००।

धर्मराज लामिछाने
अध्यक्ष

भक्त बहादुर खत्री
उपाध्यक्ष

- बकैया १० विघुत मर्मत रु ७०,०००।
- शिखरपुर चिउरी बासदेखि नौखामे धुवाघाटहुदै विघुत विस्तार रु ५०,०००।
- शंकर आधारभुत विद्यालय, बकैया १० मन्थलीलाई सोलार मर्मतको लागि रु.३१५०००। (अक्षेरुपि तीन लाख पन्ध्र हजार ) विघुत विस्तार शिर्षकबाट भुक्तानी दिने निर्णय गरीयो ।

१६. **विभिन्न पदमा विज्ञापन आवह्वान गर्ने सम्वन्धमा**

प्रस्तुत विषयमा छलफलगर्दा कृषि पशु सेवा तथा बकैया आधारभुत अस्पताललाई प्रभावकारीरुपमा संचालन गर्न संघीय सरकारबाट प्राप्तहुने सशर्त अनुदान तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदानबाट तलब भत्ता भुक्तानी गर्नेगरी तपशिल बमोजिमको पदमा सेवा करारको लागि विज्ञापन खोलि खुल्ला प्रतिस्पर्धात्मकबाट पदपुर्ति गर्ने निर्णय गरियो ।

तपशिल

**बकैया आधारभुत अस्पताल**

| | | |
|---|---|---|
| क. मेडीकल अधिकृत | आठौ तह | १ जना |
| ख. अहेव | पाँचौ तह | १ जना |
| ग. अनमी | चौथो तह | ३ जना |
| घ. हेल्थ असिस्टेन्ट | चौथो तह | १ जना |
| ङ. स्टाफ नर्स | पाचौ तह | २ जना |
| च. फार्मेसि असिस्टेन्ट | चौथो तह | १ जना |
| छ. सहायक कम्प्यूटर अपरेटर | चौथो तह | २ जना |
| ज. रेडियोग्राफर | चौथो तह | १ जना |
| झ. स्वीपर | श्रेणिविहिन | १ जना |
| ञ. कार्यालय सहयोगी | श्रेणिविहिन | २ जना |
| ट. हलुका सवारी चालक | श्रेणिविहिन | २ जना |

**आर्थिक विकास शाखा**

| | | |
|---|---|---|
| क. कृषि विज्ञ | अधिकृत छैटौ तह | १ जना |
| ख. कृषि प्राविधिक | चौथो तह | २ जना |
| ग. पशु प्राविधिक | चौथो तह | ३ जना |

१७. **अध्ययन विदा स्वीकृत सम्वन्धमा**

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ललितपुर, मकवानपुर बागमती प्रदेश, नेपाल

धर्मराज लामिछाने
अध्यक्ष

भरत बहादुर खनी
उपाध्यक्ष

प्रस्तुत विषयमा छलफलगर्दा यस पालिकामा अ.सव ईन्जिनियर श्री दिपक राईले स्नातकोत्तर अध्ययनको लागि असाधारण विदाको निवेदन पेश गर्नुभए अनुसार निजको विदा स्वीकृतिको लागि मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यलाग बागमति प्रदेश हेटौडा पठाउने निर्णय गरियो ।

१८. एकलाख भन्दा कमको योजना सम्बन्धमा

प्रस्तुत विषयमा यस आ व मा एक लाख भन्दा कम संचालन हुने योजनाको हकमा लागत अनुमान तयार गरी योजना सम्झौता गरि कार्य गर्ने निर्णय गरियो ।

१९. दुर्गा पुजाको आर्थिक सहायता सम्बन्धमा

प्रस्तुत विषयमा बकैया ४ जुरेलीमा अवस्थित दुर्गापुजा मुल समारोह समितिले माग गरेको दुर्गापुजा सहयोग स्वरुप रु १,७०,०००।- (एक लाख सत्तरीहजार रुपैया) आर्थिक सहयाता प्रदान गर्ने निर्णय गरियो ।

२०. थप बजेट सम्बन्धमा

प्रस्तुत विषयमा छलफल गर्दा तपशिलको योजनाहरुको लागि आवश्यक बजेट थप उपलब्ध गराउने निर्णय गरियो ।

- माथिल्लो भिरकोट सडक
- च्याउच्याङ भैरव दोभान सडक

२१. गाउँपालिकास्तरीय भुउपयोग परिषद् तथा कार्यान्वयन समिति गठन सम्बन्धमा

प्रस्तुत विषयमा छलफल गर्दा भूउपयोग ऐन,२०७६ को दफा १८ उपदफा (२) बमोजिम यस गाउँपालिकाको गाँउ कार्यपालिकालाई भूउपयोग परिषद्को रुपमा कार्य गर्ने तथा दफा २० बमोजिमको कार्यान्वयन समिति गठन गरी भूउपयोग सम्बन्धी कार्य अगाडि बढाउने प्रत्येक वडा समितिलाई सहजिकरणको लागि पठाउने निर्णय गरियो ।

धर्मराज लामिछाने
अध्यक्ष

भक्त बहादुर खत्री
उपाध्यक्ष

२२. **तलब भत्ता सम्वन्धमा**

प्रस्तुत विषयमा छलफल गर्दा यस बकैया गाउपालिकामा प्रमुख प्रशासकिय अधिकृत पदको दरवन्दी आठौं तहको अधिकृत भएको हुँदा प्रमुख प्रशासकीय अधिकृतको आधारभुत तलव नेपाल सरकारको आठौं तहको अधिकृतस्तर बरावरको तलव भुक्तानी गर्ने निर्णय गरियो ।

२३. **सिफारिस तथा जानकारी गराउने सम्वन्धमा**

प्रस्तुत विषयमा छलफल गर्दा यस बकैया गाउँपालिका स्थित विभिन्न वडाहरुमा खेलमैदान निर्माणको लागि संघीय तथा प्रदेश सरकारबाट बजेट विनियोजन भएको सन्दर्भमा तपसिल बमोजिमको खेलमैदान निर्माण स्थलहरु सार्वजनिक जग्गा (चरन क्षेत्र) भएको साथै उक्त स्थलहरु विगत दश वर्षदेखि नै खेलमैदानको रुपमा रहेको हुँदा सम्बन्धित निकायमा सो को जानकारी सहित सिफारिस गरि पठाउने निर्णय गरियो ।

१. वडा न. १२ स्थित लि:ल फड युवा क्लब खेलमैदान निर्माण स्थलको जग्गा
२. वडा न. ११ स्थित बकैया वाई ११ खेलमैदान निर्माण स्थल
३. वडा न. ७, हातिखोला स्थित हातिखोला खेलमैदान निर्माण स्थल

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

धर्मराज लामिछाने
अध्यक्ष

भक्त बहादुर खत्री
उपाध्यक्ष

महेश श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत